# माटो संरक्षण र खाद्यतत्त्व

राम प्रसाद गौतम

माटो सारा संसारको मूल सम्पत्ति भएको कुरा निर्विवाद छ। माटो सारा संसारको आधार हो। माटो विना यस पृथ्वीमा मानिस लगायत कुनै जीव जन्तु र पशुपक्षी समेतको कल्पना गर्न पनि सकिन्न। बाचुन्ज्याल खेती गरी जीविकोपार्जनको साधन वनाउन मात्र नभएर मानिस मात्रलाई मरिसके पछि पनि उसको मृत देह (शव) थन्क्याउनको निम्ति पनि माटोको नै आवश्यक पर्दछ। संसारका सारा मानिसहरूको मुख्य खाद्यान्न हामी माटोवाट नै उब्जाउछौं। विभिन्न उद्योग धन्दा संचालनार्थ कच्चा पदार्थको आवश्यकता पर्दछ। प्रायजसो सबै उद्योग धन्दा चलाउन आवश्यम पर्ने कच्चा पदार्थहरू माटो वाट नै उब्जाइन्छ। यस्तो महत्वर्ण सम्पत्ति माटो हुदा पनि यसको उचित संरक्षण र सदुपयोग भएको छैन। तर मानस मात्रले माटोको संरक्षण र सम्वर्द्धन गर्दै नगए केही वर्ष भित्रमा नै ठूलो समस्या भोग्न वाध्य हुनु पर्ने कुरा अकाट्य भइ सकेको छ। पहाडका भिराला कान्लाहरूमा खेती गर्ने तरिका अझ सुदृढ छैन।

मानिसलाई निम्न कुराहरूको निमित्त माटोको आवश्यकता पर्दछ।

(१) खाद्यान्न उब्जाउन:– ९५ प्रतिसत मानिसको पेशा खेती भएको कृषि प्रधान नेपाल जस्तो एउटा गरीब र विकासोन्मुख मुलुकको खाद्यान्नको मूल श्रोत खेती हो। द्रुततर गतिले वृद्धि भएको जनसंख्यालाई वर्तमान स्थितिमा र भविष्यमा समेत गाँसको व्यवस्था खेती पातीबाट नै भइरहेको छ।

(२) श्रम–सदुपयोग र रोजगारीको व्यवस्थाको निति:– किसानै किसानले भरिएको हाम्रो देशमा दक्ष जनशक्ति र शिक्षित समुदायको अभाव छ। कलकारखाना र उद्योग धन्दाहरू, हामीकहाँ एकदमै कम छन् फलस्वरूप श्रमको सदुपयोग हुन सक्दैन रोजगारीको समस्या पर्दछ। यद्यपि माटोको उचित संरक्षण र सदुपयोग गरेर कपास, वांस, बेत, लोकता र यस्तै अरू वालीहरू बारम्बार लगाइ राख्न सके १२ महिनामा २ महिना मात्र काम गरी १० महिना वसी खाने नेपालीहरूलाई श्रमको व्यवस्था हुनुको साथै रोजगारीको समस्या पनि केही हद सम्म समाधान हुनसक्तछ।

(३) उद्योग धन्दाको विकास गर्न:– ठूला साना सबै किसिमका उद्योग धन्दाहरू चलाउन आवश्यक कच्चा पदार्थहरू जस्तो वांस, सनपाट, रबर इत्यादिको उत्पादन माटोमै गरिन्छ।

(४) बन जङ्गल कायम राखी स्वस्थ्य वातावरणको सृजनाको निम्ति माटोको नै आवश्यकता पर्दछ।

(५) चियाकारखाना र चुरोट कारखाना जस्ता उद्योगहरू स्थापना गर्न माटोको अध्ययन नभइ हुदैन।

(६) पशूपालन व्यावसायको उचित प्रवन्ध गर्न सवभन्दा पहिले माटोको पहिचान गर्नुपर्छ।

(७) चिनी मिल र विभिन्न फलफूल उद्योगहरू चलाउन बोट बिरुवा सुहाउदो माटो नै चाहिन्छ। यस्तै कारणहरूले गर्दा माटो हाम्रो निम्ति अत्यन्त तहत्व पूर्ण बन्न गएकोले हामीले माटोको संरक्षण गर्नु परेको छ।

### माटो विग्रने र नाशहुने कारणहरू

(१) शुरू शुरूमा विचार नपुऱ्याइ खेती गर्नाले धेरै ठाउँको माटो वगेर समुद्रमा मिल्न गइ लाखौं भूमी सम्पत्तिको नोक्सान भइरहेको छ। खासगरी पहाडी भेकको भिरालो ठाउँमा पाखा र जङ्गलहरू फांडी बाली लगाउने गर्नाले वर्षै पिच्छे मलिलो माटो वगेर गइ पत्थर र किटिएको सतह देखा पर्दछ। अनि ठाउँ ठाउँमा किसानहरू मलिलो र माथिल्लो तहको माटो लगी सतह खियिएर खेत वारीमा ढुङ्गा निस्केको देखेर ढुङ्गा पनि बढ्दोरछ भनि अड-कल गर्छन। तर माटोको सतह होचो भयो र ढुङ्गा वढी लामो (अग्लो) देखियो भनि अडकल सम्म गर्दैनन्।

(२) मलको अभावमा:– खेती गर्ने जमिनमा मलको अभावले पनि माटो विग्रिन्छ। मलको अभावमा माटो वग्ने होइन। त्यसको प्रकार, पैतृक गुण र अवस्थामा परिवर्तन आउछ। फलस्वरूप वर्षै पिच्छे उब्जनी घटतै जान्छ। खनजोत गर्न गाह्रो हुन्छ। गाउँ घरमा रासाय-निक मलबारे चर्चा गर्दा प्राय जसो सबै किसान दाजुभाइ-हरू रासायनिक मलको प्रयोगबाट तर्सिएको गुनासो निकै साथीहरूबाट सुन्न पाइन्छ। त्यसो हुनाको खास कारण के हो त भन्दा किसानहरूले सहि ढङ्गले रासायनिक मलको उपयोग गर्न नजानेर यसो हुन गएको हो। अझै पनि किसानहरू कुन बालीको निम्ति कुन मल प्रयोग गर्ने कति र कहिले प्रयोग गर्ने भन्ने दिशातर्फ अग्रसर नभई आफ्नो अज्ञान र अव्यवहारिक कारण नबुझी रासायनिक मललाई अवहेलना गर्दछन्।

यसै प्रसङ्गमा मकै वालीमा टप ड्रेसिङ्ग गर्दा यूरिया मल प्रयोग गर्नु पर्नेमा अनावश्यक कम्प्लेक्स र म्यूरेट अफ पोटास प्रयोग गरी वालीको नतिजा सन्तोषजनक नभएको गुनासो ताप्लेजुङ्ग जिल्ला थुकिम्वा गा. पं. वार्ड नं. ४ का दोगाने लिम्बु व्यक्त गर्नु हुन्छ। उहा भन्नुहुन्छ 'यस वर्ष मैले पनि अरूको कुरा सुनि विकासको मल मकैमा राखें। एउटा खैरो खैरो दाना र अर्कोचाहि नून खोर्सानी जस्तो थियो कसैलाई नसोधी साझाबाट किनेर ल्याएर मकै गोड्नसाथ वारीमा छरें। २,३ दिन पछाडी हेर्दा त सबै विलाएको थियो। तर कृषि शाखाले ताप्लेजुङ्ग तोक्मे डांडामा लेखेर राखेको वोर्डमा देखाए जस्तो विरूवा पनि सप्रेन र उब्जा पनि त्यति वढेन र उल्टै मलाई ऋण मात्र लाग्यो मल किन्दा।"

यस्तै सोही जिल्लाका चाक्सीबोटे गा. पं. वार्ड नं. ३ का कृषक श्री मोहनलाल सुब्बा पनि स्थानीय मलको प्रयोग नै नगरि पुस्ता पुस्ता देखि स्थानीय मल नराखेको जमीनमा अमोनिया मल्फेट मात्र राखी मकै खेती गर्दा जमिन किटिएको तर उब्जा चाहि उत्साह वर्धक नै भयो भन्दै भन्नु हुन्छ "रासायनिक मल राख्नु त मेरो विचारमा राम्रो लाग्यो। तर २।३ वर्ष पछाडी नै जमिन अलि अलि सारो भएकोले किटिन्छ कि जस्तो लाग्यो त्यसको उपायहरू केहि छ कि" भन्दा म समेतले उक्त दुवै कृषकहरूको समस्या वारे ४।४ घण्टा सम्म छलफल गरी कारण र उपाय हरू बताएको छु।

यस्तै कसै कसैको भनाइ के पाइन्छ भने यदि स्थानिय मल छरेको ठाउंमा रासायनिक मल पनि छर्नु पर्ने भए अथवा रासायनिक मल छरेको ठाउँमा स्थानिय मल पर्ने भए किन दोहोरो खर्च गर्नु पऱ्यो। स्थानीय मलको अभावमा यो रासायनिक मल खरिद गरिन्छ भन्ने गर्दछन। फलस्वरूप खाद्य तत्वको अभावमा माटोलाई वढी बोझ पर्न जान्छ र वाली नालीको स्थिति चिन्ताजनक हुनजान्छ।

### माटो नाश हुनबाट बचाउने सम्भावित उपायहरू

(१) खेती गर्ने तरिकामा परिवर्तन गरेर– (i) खासगरी पहाडी भेकका कान्लाहरूमा, भिरालो पाखो र जङ्गल फांडी खेती गरिएका नयाँ जमिनमा वाली लगाउँदा संभव भए सम्म गह्रा बनाएर वाली लगाउनु पर्छ। यसो गर्नाले जमिनको वाहिरी तहको मलिलो र नरम माटो बगेर जान पाउदैन। यसो गर्नाले जमिनको उत्पादकत्व शक्ति वर्षौं कायम रहन्छ। सालना वाली लिन सकिन्छ।

(ii) एउटा जमिनमा सधैं भरि एकै किसिमको वाली नलगाई आलो पालो गरी वाली लगाउने गर्नाले पनि जमिनको सतहमा उति सारो बोझ पर्न पाउबैन। फल-स्वरूप जमिनको पूर्व अवस्था कायम रहन मद्दत पुग्छ।

(iii) जुन जमिन ज्यादै रुखो छ त्यसलाई सकिन्छ भने १।२ वर्ष बाँझो रहन दिइ खेती गर्नु पनि राम्रो हुन्छ। त्यसो सम्भव नभए त्यस्तो जमिनमा एक्लो दाल खेती वा अरू वालीसित मिसाएर मिश्रीत खेती गर्नु पर्छ। दाल खेती तयार भए पछि जरा उखाल्न हुदैन किनभने जरामा मल रहन्छ।

(iv) जुनसुकै वाली लगाउने जमिनमा पनि छेउमा धान खेतमा झैं आली लगाइ खेती गर्दा राम्रो हुन्छ, जसले गर्दा वर्षातमा मल र मलिलो माटो माथिल्लो तहबाट बग्न नपाई जमिन उर्वरक रहन्छ।

(v) तराइ र पहाडका धेरै जसो ठाउँमा स्थानिय मल खेत र वारीमा छरेर धेरै दिनसम्म माटोमा मिसाइदैन। मल सुकिरहन्छ। त्यसरी छोडदा मलमा भएको तत्व पनि उडेर जान्छ। त्यसकारण मल छर्नासाथ जोतेर वा अन्य उपाय द्वारा मललाई माटोमा मिसाउनु पर्छ।

(२) प्रांगरिक मल छरेर (i) पहाड र तराइका धेरै जसो ठाउंमा वोट विरूपाहरू गोडेर निकालेका झारपातहरू वगैचा वरिपरि रूखबाट झरेका पातहरू, खरानी कलिला बोट विरुताका डांठ जरा र पातहरू मानिस तथा जनावरको मलमूत्र, बोडी, केराउ, सिमीको वोट इत्यादिलाई खाडल खनी नियमित ढङ्गबाट थुपारेर कुहाएर मल बनाई खेतवारीमा छर्ने गर्नु पर्छ। यसो गर्नाले जमिनको उत्पादन शक्ति बढ्दछ।

(ii) जुन खेत वारीमा रासायनिक मल छर्नु छ त्यसमा गोबर, बाख्रा भेडाको मल, सुंगुर कुखुराको मल वा झार पात कुहाएर बनाएको मलमध्ये कुनै एक अनिवार्य रूपले छर्नु पर्दछ। त्य ा पछि सिफारिस भए बमोजिमको रासायनिक मल छर्नाले जमिनको अवस्था यथावत रहि उब्जनीमा वृद्धि हुन जान्छ।

(111) पहाडतिर पाइने धोत्रे फुलका पात र कलिला पात र कलिला डाँठ, सिरिसको पात र मुना, तितेपातीको पात र कलिलो डांठलाई जमिनमा राखी कुहाएर पनि राम्रो मल बन्दछ। यसै गरि ढैचा, भटमास, सिडी बोडी केराऊ, छिनछिने इत्यादीको पात र डांठलाई माटोमुनी पुरेर कुहाइकन पनि माटोमा खाद्यतत्वको मात्रा बढाउन सकिन्छ।

(IV) यसैगरी चर्पिको मल पनि खेतवारीमा राख्न सकिन्छ। पानी जमेको धानखेतमा पाइने एलोजा भन्ने लेउ जस्तो झारलाई माटोमा कुहाएर पनि मलको काम लिन सकिन्छ।

३. रासयनिक मलको प्रयोगबाट:– करोडौं बर्ष अघि देखि खेती गरी आएको जमिनमा मलको सन्तुलन भएन भने उब्जा पनि राम्रो हुन सक्तैन र खेतवादीको माटो पनि किटिएर जान्छ। लगातार मलको मात्रा नपुन्याई खेती गरी रहदा जमिनमा भएको खाद्यतत्व बिरूवाले लिंदा र चुहावट आदि प्रक्रियाद्वारा नष्ट भए पछि खेतवारी खाद्यतत्व रहित हुन्छ। पुराना आवादी जग्गाहरूमा यस्तो समस्या देखा परिसकेको छ। यस्तो परिस्थितीमा माटोको गुण कायम राख्न र वर्षेनी राम्रो उब्जा लिन–खेतवारीमा मलको उचित प्रवन्ध हुनुपर्छ। अन्यथा मानव जातिले ठूलो संकट भोग्न वाध्य हुनु पर्छ। किसानहरू चाहि कुरो नबुजे झैं ठीक उल्टो गुनासो गर्दछन्। वर्षे पिच्छे वाली घट्यो भनि जुगजमानालाई दोष दिन्छन्। किसानहरुलाई माटोमा खाद्यतत्वको अभावमा वाली विरुवा सप्रन सकेन एवं लगातार खेती गरे पछि माटोलाई विश्राम नदिइ उत्पादनशिल वनाउन स्थानिय मलको साथ साथै सिफारिस गरे अनुसारको रासानिक मलको मात्रा पनि माटोमा राख्नु पर्छ भन्ने ज्ञानको अभाव हुन्छ। रासायनिक मल राखेपछि स्थानिय मल किन? अथवा स्थानिय मल राखेपछि रासायनिक मल किन भन्ने धारणालाई सर्व प्रथम हटाउनु पर्दछ। अनि खेतवारीमा स्थानिय मल र रासायनिक मल दुवैको संतुलन हुनु पर्दछ। रासायनिक मलमा खाद्यतत्वको मात्रा बढी हुन्छ। चाहिएको ठाउँमा चाहिए जति खाद्यतत्व हिसाव गरेर दिन सकिन्छ। यसको असर बोट विरुवामा तुरुन्त देखापर्दछ। स्थानीय मलमा खाद्य तत्वको मात्रा कम हुन्छ। यसको असर ढिलो देखा पर्दछ। तर यस मलको पानी सोशी राख्ने शक्ति हुन्छ। कडा माटोलाई खुकुलो वनाउँछ। स्थानिय मलमा भएको खाद्यतत्व विरूवाले एकै वर्षमा लिई सक्तैन। उक्त मलको असर बोट विरूवामा २।३ वर्षसम्म पनि केही हदसम्म रही रहेको हुन्छ। यसकारण विविध कुरालाई ध्यानमा राख्दै स्थानिय मलको साथ साथै रासायनिक मल

पनि खेतवारीमा राख्नु फायदा हुन्छ ।

कम्पोष्ट मलको चलन चल्ति वढाउन सके गाउँ घरका कान्ला र पाखामा उम्रेका झारपातहरू गाइ वस्तुको थलामा ओछ्याइ राम्रो मल वनाई सदुपयोग गर्न सकिन्छ। यसो गर्नाले एक त माटोमा खाद्यतत्व वढाउन सकिन्छ। भने वारी र खेतका कान्लाहरू पनि सफा हुन जान्छन् जसको परिणाम स्वरूप वालीलाई दुःख दिने झार जङ्गलमा आश्रय लिएर वस्ने किरा र रोगको प्रकोप समेत कम हुन जान्छ ।

□

कुन वालीमा रासायनिक मल कति राख्ने भन्ने वारेमा यति नै भनी किटेर भन्न अलिक गारो हुन्छ। त्यस ठाँउंको माटो हावा–पानी माटोको किसिम, गुण, लगाइने वाली र पहिले लगाएको वालीमा भर पर्दछ। सामान्यतया नेपालका प्रमुख अन्नवालीहरू धान गहुं र मकैलाई तलको तालीका वमोजिम रासायनिक मल राखेर माटोलाई यथावत कायम राखी उब्जनी वढाउन सकिन्छ।

तालिका–१

| कि. नं. | वालीको नाम | खाद्यतत्वको मात्रा प्रति हेक्टर | सिफारिस भए वमोजिमको मात्रा पुऱ्याउन छर्न सकिने रासायनिक मलहरू |
|---|---|---|---|
| | | ना.–११० के.जी. | कंप्लेसल, यूरिया, एमोनियम सल्फेट, म्यूरेट अफ पोटास, डि. ए. पि. सिङ्गल सुपर फस्फेट, डवल सुपर फस्फेट, ट्रिपल सुपर फस्फेट इत्यादी मध्ये बाट चाहिएको खाद्य तत्व र बजारमा पाइए अनुसार हिसाव गरी आफ्नो किफायत अनुसार रोजेर छर्न सकिन्छ । |
| १ | धान | फो.– ३० के.जी. | |
| | | पो.– ३०के.जी. | |
| २ | गहुं | ना – ८०के.जी. | |
| | | फो.– ४०के.जी. | |
| | | पो.– २०के.जी. | |
| ३ | मकै | ना.– ६०के.जी.<br>फो.– ३०के.जी. | |
| | | पो.– ३०के.जी. | |

माथिको तालिका ववोजिम खाद्यतत्व पुऱ्याउन आफूलाई चाहिने खाद्यतत्व प्रदान गर्ने कुनै पनि रसायनिक मल छर्न सकिन्छ। तर कुरा के छ भने वोट विरूवा सप्रन, वढम, फुल्न र फल लाग्न नाइट्रोजन फोस्फोरस र पोटास यी तिनै तत्वहरू सिफारिस बनोजिम छर्नु पर्दछ। एउटा तत्वको अभावमा अर्को मात्र राखेर काम दिन्छ भन्ने गलत धारणा लिनु हुंदैन चलन चल्तीमा आएका केही रासायनिक मलको नाम, त्यसमा पाइने खाद्यतत्व र त्यसको प्रतिशत सजिलोको निम्ति यहाँ दिइन्छ ।

### तालिका–२

| | रासायनिक मलको नाम | त्यसमा कुन खाद्यातत्व पाइन्छ | | | खाद्यतत्वको प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|
| | | नाइट्रोजन | फोस्फोरस | पोटास | नाइट्रोजन | फोस्फोरस | पोटास |
| १ | एमोनियम सल्फेट | नाइट्रोजन | – | – | २१ | – | – |
| २ | यूरिया | " | – | – | ४६ | – | – |
| ३ | कंप्लेक्स | " | फोस्फोरस | – | २० | २० | ० |
| ४ | कम्पाउण्ड | " | " | पोटास | १५ | १५ | १५ |
| ५ | पोटास | – | – | " | – | – | ६० |
| ६ | डि. ए. पी. | ना० | फो० | – | १८ | ४४ | ० |
| ७ | ट्रिपल सुपरफस्फेट | – | – | पोटास | – | – | ४८ |
| ८ | किसान मल | ना० | फो० | पोटास | ५ | ६ | ७ |

**कृषि चूनको प्रयोग गरेरः–** बोट विरूवालाई चाहिने १६ विभिन्न तत्व मध्ये क्याल्सियम पनि एक हो । माटोमा बोट विरूवालाई आवश्यक पर्ने क्यालिसयम भन्ने तत्व हुन्छ जुन बोट विरूवाले लगातार लिदा, भूक्ष्य हुदा वा चुहावट भएर जाँदा माटोमा यो तत्वको कमि हुदै जान्छ । क्यालिसयम तत्वको कमिवाट माटोमा अम्लियपनाको वृद्धि हुन्छ, जसले गर्दा माटोको अवस्था विग्रन गै उब्जनीमा पनि कमि हुन जान्छ । माटोको अम्लियपन वढन नदिन कृषि चूनको प्रयोग गर्नु पर्दछ ।

**कृषि चून कहिले र कसरी प्रयोग गर्नेः–** वर्षात वाहेक जुनसुकै महीनामा पनि कृषि चूनको प्रयोग गर्न सकिन्छ तर वाली लगाउनु भन्दा कमसेकम दुई महीना अगावै माटोमा छ देखि ८ इन्चसम्म राम्ररी मिसाई दिनु पर्छ । कृषि चून के कति दरमा राख्ने भन्ने ज्ञान प्राप्त गर्न आफ्नो जिल्लाको कृषि शाखा संग सम्पर्क राखी माटो जाँच गराएमा आफ्नो जग्गाको माटोमा कुन कुन तत्व के कति छ र कुन वाली लगाउनु पर्छ भन्ने कुराको जानकारी पाउन सकिन्छ ।

**कृषिचून किन प्रयोग गर्नेः–**

अम्लिय गुण भएको माटोमा चूनको प्रयोगले निम्न लिखित फायदाहरू हुन्छन् ।

(i) माटोमा वाली विरूवालाई चाहिने पोषक तत्व जस्त क्यालसीयम र म्याग्नेसियम आपूर्ति हुन्छ ।
(ii) आवश्यकता भन्दा बढा अम्लियपना हुन पाउदैन ।
(iii) सूक्ष्म जैविक क्रियाहरूमा वृद्धि हुन्छ ।
(iv) खेत जोत्न लजिलो हुन्छ ।
(v) माटोमा भएको विषतत्वको ह्लास हुन्छ ।
(vi) उब्जनीमा वृद्धि हुन्छ ।

यति उपायहरू अपनाउदैमा मात्र माटोको संपूर्ण अवस्था सधैं भरी ठीक रही रहन्छ भन्ने होइन । माथि लेखिए वाहेक पनि अन्य थुप्रै तत्वहरूको कमि बोट विरूवामा देखा पर्दछ । जस्तै जस्ताको कमि । तराइमा खास गरी वारा, पर्सा, रूपन्देही, विराटनगर र नेपाल गंज क्षेत्रमा जस्ताको कमि देखा पर्न थाली सकेको सुनिन्छ । जस्ताको कमि धान खेतमा भन्दा व्याडमा वढी देखिन्छ ।

☐ उन्नत जातका वालिलाई उन्नत तरिकाले खेती गर्दा दिइने खाद्यतत्वको मात्रा ।

किनकि व्याडमा बढी विरुवाहरू हुने हुदा यसको कमिको लक्षण प्रष्ट देख्न सकिन्छ ।

जस्ताको प्रयोग २ तरिकाबाट गर्न सकिन्छ (i) झोलको रूपमा र (ii) मलखादको रूपमा । व्याडमा प्रयोग गर्नु पर्दा जिङ्क सल्फेट १० ग्राम प्रति वर्गमिटरको हिसावले माटोमा मलखाद मिसाउंदा मिसाउनु पर्छ । वेर्नाहरूमा झोल छर्कनु परेमा जिङ्क सल्फेट ०.५% र चून ०.२५% को झोल वनाइ छर्कनु पर्दछ । धान खेतमा झोल छर्कदा पनि यही मात्रामा छर्कनु पर्छ । खेतमा मलखादको रूपमा प्रयोग गर्ने हो भने २५ के. जी. जिंकसल्फेट प्रतिहेक्टर जमिनको हिसावले छर्नु पर्छ ।

यसवाहेक पनि विरुवालाई आवश्यक पर्ने थुप्रै खाद्यतत्वहरू छन् । जस्तै कार्बन, हाइड्रोजन र अक्सिजन–जो हावा र पानीबाट नै प्रशस्त उपलब्ध हुन्छ । त्यसै गरी म्याग्नेसियम गन्धक फलाम, मैगनिज, बोरोन मोलिवडेनम ताँवा र क्लोरिन यिनीहरूको पनि माटोको अवस्था यथावत कायम राखी सधैं गरी (वर्षेनी) राम्रो उब्जा दिन मूल हात रहेको हुन्छ ।

सारांशमा के भन्न सकिन्छ भने सालै पिच्छे राम्रो उब्जनी लिन र माटोको अवस्था कायम राख्न जमिनमा प्रशस्त मल राख्नु पर्छ । चाहे स्थानिय मल होस या त रासायनिक मल तर बोट विरुवालाई आवश्यक पर्ने मुख्य खाद्यतत्व र सूक्ष्म खाद्यतत्व माटोमा (जमिनमा) प्रशस्त मात्रामा दिनुपर्छ । यसको साथसाथै आफ्नो वाली समयमै लगाउनु समयमै गोडमेल, पानीको उचीत प्रवन्ध किरा र रोग लागेमा त्यसको निम्ति समयमै उचित प्रबन्ध गर्नु पर्छ । अनि अवश्य पनि प्रति इकाइ जमिनवाट बढी से बढी उब्जा लिन र भोकमरी र अनिकाल जस्ता समस्यालाई दुर गर्न सकिन्छ ।

सन्दर्भ

(१) कृषि डायरी ४०४१– श्री ५ को सरकार कृषि विभाग
(२) कृषि–अषार साउन २०३४ उन्नत धान खेती–चिरञ्जीवीकर्माचार्य
(३) नेपालका कृषि वाली–शिवनाथ लोहनी